SitRep #6

नेपाल सरकार

# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय, बर्दिया
# जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र (DEOC),

## २०७७ साल पुष महिना भरी भएका घटनाको विवरण

| क्रस | विपद्को प्रकार | जम्मा घटना संख्या | प्रभावित जम्मा घर सं. | प्रभावित घर धुरी | | मानविय क्षति | | गोठ क्षति | | चौपाया | | अनुमानीत क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुर्ण | आंशिक | मृत्यू | घाइते | | बाली (बिघा) | मृत्यु | घाइते | |
| १ | आगलागी | ७ | ५ | १ | २ | २ | | १ | | | | २३७५०० |
| २ | बन्यजन्तु आक्रमण | ९ | १६ | | | १ | १ | | ७.४ | ११ | २ | ३९३००० |
| ३ | सडक दुर्घटना | ७ | | | | ४ | १२ | | | | | |
| ४ | पानीमा डुवी | १ | | | | १ | | | | | | |
| ५ | करेन्ट | १ | | | | | १ | | | | | |
| | जम्मा | २५ | २१ | १ | २ | ८ | १४ | १ | ७.४ | ११ | २ | ६३०५०० |

**सारांशः**

२०७७ साल पुष महिना भरी विपद् का विभन्न २५ वटा घटनाहरु घटेका थिए। यस महिना भरी आगलागी, वन्यजन्तुको आक्रमण, सडक दुर्घटना, पानीमा डुबी र करेन्ट जस्ता विपद्का कारण हुने घटनाहरु भएका छन्। जस मध्य मानविय क्षतीमा ८ जनाको मृत्यु भएको छ भने घाइते हुनेको संख्या १४ जना रहेको छ। आगलागीका कारण १ वटा गोठमा क्षति भएको थियो। चौपाया तर्फ मृत्यु संख्या ११ रहेको छ। यसरी यस महिनाको अबधीमा भएका विपदका घटनाहरु मार्फत कुल अनुमानित क्षती रकम रु. ६३०५००।- रहेको छ।

यस महिना विभिन्न घटना मध्य बन्यजन्तुको आक्रमण बाट हुने घटना अन्य घटनाहरुको तुलनामा धेरै घटेको छ। निकुञ्ज क्षेत्रमा बाघको आक्रमण तिव्र रुपमा बढेपछी आवतजावतमा पनि कडाइ गरिएको थियो। करेन्टको घटना तुलानात्मक रुपमा अन्य घटना भन्दा न्यून रहेको छ । यसरी क्रमश आगलागी र सडक दुर्घटना, पानीमा डुबि र करेन्टका कारण हुने घटना घटेका थिए। मंसिर मिहनाको तुलनामा यस महिना कम मात्रामा विपद्का घटनाहरु घटेका छन्।



घटनाः २५   मृत्युः ८   घाइतेः १४   मृत्युः ११   अनुमानित क्षतीः ६३०५००

# विस्तृत विवरणः

**आगलागीः**

मंसीर मिहनामा आगलागी बाट ७ वटा घटना घटेको थियो | जिल्लाका विभिन्न स्थानमा विभिद कारणले आगलागीका घटना भएको थियो। जसमध्यः बारबर्दिया नगारपालिका वडा नं. १ सैलाहीमा एक स्थानियको घरमा रहेको धानको भकारीमा एक्कासी आगलागी हुँदा धान जलेर चष्ट भएको थियो । राजापुर नगारपलिकाकाको वडा नं. ८ मा एक स्थानीयको गोठमा बालीराखेको आगो सल्कन गइ आगलागी भएको थियो। यस्तै बढैयाताल गाउँ पालिका वडा नं. ३ सट्पटियामा पसलमा आगलागी हुँदा नगद तथा किरानाका सामानहरु जलेर नष्ट भएको थियो। बारबर्दिया नगरपालिका वडा नं. ५ धोबियामा एक स्थानीयको घरमा अगेनामा बालीराखेको आगो कपडामा सल्कन गइ शरिरमा आगो लागेपछी लखनउमा उपचार गराउने क्रममा मृत्यु भएको थियो।

**बन्यजन्तु आक्रमणः**

यस महिना बन्यजन्तु आक्रमणका कारण ९ वटा घटना घटेका थिए। केही प्रतिनिधिमुलक घटना मध्यः राजापुर नगरपालिका वडा नं. १० लालपुरमा स्थानियहरुको गोठमा बाँधी राखिएको ४ वटा गाइ र १ वटा गोरु , पहाडीपुरमा १ गाइ र बाच्छा, खैरीचन्द्रपुरमा सामुदायीक वनमा चराउन गएको बेला भैंसीलाइ आक्रमण गरी मारेको जानकारी प्रप्त भएको थियो । यस्तै राजापुर नगरपालिका वडा नं. १० भगतपुरमा गोठमा बाँधिराखिएको गाइ र बाच्छा, भगतपुरमै अर्का स्थानियको भैंसी तथा राँगालाइ बाघले आक्रमण गरेको थियो। बाँसगढी नगरपालिका वडा नं. ४ नेउजामा एक स्थानियलाइ बाघखोर जंगलमा बाबियो काट्न जाने क्रममा भालुले आक्रमण गरि घाइते बनाएको थियो । राजापुर नगरपालिकाको वडा नं. १० मा १५ घरधुरी परिवारको ४ विगाहाको गहुँ र ३ विगाहाको तोरी हात्ती ले नष्ट गरि जंगर तर्फ गएको थियो, जस बाट करिव तिन लाख ७२ हजारको क्षती भएको अनुमान गरिएको छ। यस्तै बर्दिया राष्ट्रिय निकुञ्ज अन्तरगत पुर्व पश्चिम राजमार्गमा चल्दै गरेको मोटर साइकलमा बाघले आक्रमण गर्दा पछाडी सवार एक जनाको मृत्यु भएको थियो। यस महिनामा निकुञ्ज क्षेत्रमा लगातार बाघले आक्रमण गरेका कारण आवत जावतमा कडाइ गरिएको थियो।

**सडक दुर्घटनाः**

यस महिनाको अबधिमा सडक दुर्घटनाका घटना अन्य घटनाहरु भन्दा धेरै घटेको थियो। यस विच ७ वटा घटना घटेका थिए। धेरै जसो सडकदुर्घटना सवारी साधन अनियन्त्रीत भएर हुने गरेको देखिन्छ। जसमध्यः राजापुर नगरपालिका वडा नं. ४ शान्तिपुरगाउँमा मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा चालक सहित सवार एक जना घाइते भएका थिए । यस्तै बारबर्दिया नगरपालिका वडा नं. ९ बल्ला कतर्निया चोकमा हाइसले पैदल यात्रीलाई ठक्कर दिँदा पैदल यात्री घाइते भएको। यस्तै बाँसगढी नगरपालिका वडा नं.३ उत्तर भकारीमा पिकअप भ्यानले साइकल यात्रीलाइ र राजापुर नगरपालिका वडा नं. ८ ओस्ताजपुरमा मोटर साइकल र अटो ठोक्कीएर दुर्घटना भएको थियो । ठाकुरबाबा नगरपालिका वडा नं. २ रानिपुरमा डल्लबलाई मोटरसाइकलले ठक्करदिँदा दुर्घटना भइ उपचार गर्ने क्रममा एक जनाको मृत्यु भएको थियो।


**करेन्टः**

यस महिनामा करेन्टबाट हुने घटना एउटा घटेको छ। भधुवन नगरपालिका वडा नं. ६ मा नेटको तार जडान गर्ने क्रममा विधुतको पोलमा चड्दा करेन्ट लागी एक जना घाइते भएको।

**पानीमा डुबीः**

यस महिनाको अबधीमा जिल्लामा पानिमा डुबेर हुने घटना १ वटा घटेको थियो । जसमध्य बाँसगढीनगरपालिका वडा नं. ८ रेशमपुर स्थित बबई सिचाइ नहरमा एक जना मृत अबस्थामा फेला परेको जानकारी आएको थियो ।

**घटनाको प्रतिशतमा विश्लेषणः**




यस महिनाको घटनाको विश्लेषण गर्दा पाँच प्रकारका विपद्का घटनाहरु घटेका थिए । जसमध्य बन्यजन्तु आक्रमणको कुल घटनाको ३६ % ले अत्याधिक रुपमा घटेको थियो । यस पछि आगलागीको र सडक दुर्घटनाको प्रतिशत २८ रहेको छ भने , पानीमा डुबेर हुने घटना र करेन्ट बाट हुने घटनाको प्रतिशत ४ रहेको छ ।

**प्रतिकार्यः**

- जिल्लामा रहेका कर्णाली र बबई नदिहरुको जल सतहको स्थितीबारेमा निरन्तर रुपमा जोखीम क्षेत्रमा रहेका स्थानीयहरुलाइ जानकारी गराइएको छ ।
- शित लहर सम्बन्धी जनचेतना मुलक सन्देश विभिन्न रेडीयो मार्फत प्रशारण गरिदै ।
- विभिन्न विपद् बाट प्रभावितलाइ राहात वितरण गरिएको ।

# अनुसुची १
## मंसीर महिनाको घटना विवरण बार डायग्राममा प्रस्तुतिः



अनुसुची २
पौष मिहनाको प्रतिवेदन नंक्साङ्कनमा प्रस्तुतीः

